**२०७५ साल भाद्र १६ गते शनिबार बसेको मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिको बैठकका निर्णयहरुः-**

- प्रदेश विपद् व्यबस्थापन कोष सञ्चालन निर्देशिका, २०७५ लाई स्वीकृति प्रदान गर्ने विषयको आन्तिरक मामिला तथा कानून मन्त्रालयको नं. २९/२०७५/०५/०९ को प्रस्ताव प्रदेश मं.प.वै.सं २२/०७५ मिति २०७५/०५/०९ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार आजको बैठकमा पेश हुँदा निर्देशिकाको नाम सहित अन्य केहि विषयहरू समेत परिमार्जन गरी परिमार्जन सहितको निर्देशिका स्वीकृतिको लागि मन्त्रिपरिषदमा पेश गर्ने।"

**२०७५ साल फाल्गुण ०३ गते शुक्रबार बसेको मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिको बैठकका निर्णयहरुः-**

- कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको सामाजिक विकास मन्त्रालयको नं. ०७/१९-२०७५/१०/२३ को प्रस्ताव प्रदेश मं.प.वै.सं. ३५/०७५ मिति २०७५/१०/२३ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार आजको बैठकमा पेश हुँदा "छलफलका क्रममा उठेका विषय समेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक मन्त्रिपरिषदमा सिफारिस गर्ने" ।

**२०७५ साल फाल्गुण १३ गते सोमबार बसेको मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिको बैठकका निर्णयहरुः-**

- खाद्य उत्पादन, संरक्षण तथा खाद्य अधिकारको प्रवर्द्धन विधेयक, २०७५ प्रदेश सभा समक्ष पेश गर्नको लागि स्वीकृती प्रदान गर्ने विषयको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. ५/११-२०७५/१०/२३ को प्रस्ताव प्रदेश मं.प.वै.सं. ३५/०७५ मिति २०७५/१०/२३ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने "निर्णय भए अनुसार आजको बैठकमा पेश हुँदा "प्रस्तुत विधेयकका सम्बन्धमा छलफलमा उठेका बिषयहरु समेत समेटेर परिमार्जन गरी आगामी बैठकमा पेश गर्न सम्बन्धित मन्त्रालयमा पठाउने।"

**२०७५ साल फाल्गुण २२ गते बुधबार बसेको मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिको बैठकका निर्णयहरुः-**

- खाद्य उत्पादन, संरक्षण तथा खाद्य अधिकारको प्रवर्द्धन विधेयक, २०७५ प्रदेश सभा समक्ष पेश गर्नको लागि स्वीकृति प्रदान गर्ने विषयको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. ५/११-२०७५/१०/२३ को प्रस्ताव प्रदेश मं.प.वै.सं. ३५/०७५ मिति २०७५/१०/२३ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार मिति २०७५।११।१३ गतेको बैठकमा पेश भएकोमा "प्रस्तुत विधेयकका सम्बन्धमा छलफलमा उठेका बिषयहरु समेत समेटेर परिमार्जन गरी आगामी बैठकमा पेश गर्न सम्बन्धित मन्त्रालयमा पठाउने" निर्णय भएअनुसार मिति २०७५/११/२२ गते बसेको बैठकमा पेश हुँदा "छलफलको क्रममा उठेका विषय समेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "खाद्य उत्पादन, अधिकार तथा सम्प्रभुता ऐन, २०७५" को विधेयक मस्यौदा सिफारिस सहित मन्त्रिपरिषदमा पेश गर्ने।"